# बेदकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, कञ्चनपुर

सम्पर्क : ०९९-४१३१२१,
०९९-४१३१२२

**मिति** :-२०७९।०४।०२

प.सं.०७९।०८०
च.नं.-९२

**बिषय -** सामाजिक सुरक्षा भत्ता नवीकरण तथा लाभग्राही सूचीकरण सम्बन्धमा।

**श्री वडा कार्यालय सबै,**
**वेदकोट नगरपालिका सिसैया ,कञ्चनपुर ।**

उपरोक्त विषय सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिहदरबार काठमाण्डौको च.न.०९ मिति २०७९।०४।०१ को पत्र यसै पत्रसाथ सलग्न छ। विस्तृत व्यहोरा अवगत गरी सोही बमोजिम सामाजिक सुरक्षा भत्ता नवीकरण तथा सुचीकरण गर्न हुन अनुरोध छ।

पदमराज भट्ट
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११४६१, ४२११९३८
४२००८९९, ४२००८१५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००११६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

हेटौंडा उ.म.न.पा., काठमाडौं
दर्ता नं.:- 
मिति:- २०८१/०४/०२

पत्र संख्या :- ०७९/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ९

मिति : २०७९/४/१

विषयः सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्बन्धमा।

श्री स्थानीय तह सबै।

सामाजिक सुरक्षा नियमावली (प्रथम संशोधन), २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा आफैं उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था रहेको विदितै छ।

सोही सम्बन्धमा, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (१६) को उपनियम (१२) बमोजिम आ.व २०७८/७९ देखि नेपाल सरकारले त्रैमासिक बजेट निकासाको व्यवस्था गरेको हुँदा सामाजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा वितरण गर्नु पर्ने भएकोले चालु आ.व को पहिलो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ताको फवार्ड फिड (लाभग्राही सूची) तयार गरी सम्बन्धित बैंकमा पठाउनु अगावै परिचयपत्र नवीकरण गरिसक्नु पर्ने भएको छ। तसर्थ सबै लाभग्राहीहरुको सकेसम्म चाँडै नवीकरण गरी पहिलो त्रैमासिक निकासाबाटै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सुनिश्चितता गर्न आवश्यक व्यवस्थाको लागि अनुरोध छ।

नेपाल सरकारको आ.व २०७९/८० को बजेट वक्तव्यमा ६८ वर्ष उमेर पुरा भएकालाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भएको र सोही बमोजिम हुनेगरी सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधन समेत भईसकेकोले ऐ. ऐन, २०७५ को दफा (१२) र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (५) बमोजिम त्यस्ता लाभग्राहीहरुको निवेदन प्राप्त गरी लाभग्राही सूचीकरण प्रक्रिया अगाडि बढाउनु हुन निर्णयानुसार अनुरोध छ। साथै, नागरिकता प्रमाणपत्रको सक्कलै हेरी परिचपत्र नवीकरण तथा नयाँ लाभग्राही सूचीकरण गर्न र नागरिकता प्रमाणपत्रमा उल्लिखित जन्म मिति लगायतको विवरणमा कुनै अस्पष्टता भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालयबाट अभिलेख झिकाई यथार्थ विवरण यकिन गर्नु गराउनु हुन समेत अनुरोध छ।

(सागर मणि पाठक)
निर्देशक

अवगतार्थः
श्रीमान सचिवज्यू
गृह मन्त्रालय।
श्री प्रमुख जिल्ला अधिकारीज्यू सबै।